राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ९२ ॥ २०८२ वैशाख २७ गते शनिबार (10th May 2025 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

# बस्नेतको स्वेच्छिक मरणले सबैजना अचम्भित

बिर्तामोड(प्रस)। झापा बिर्तामोडका सामाजिक तथा ब्यावसायिक ब्यक्तित्व बिनोद बस्नेतको स्वेच्छिक मरणले सवैजना अचम्भित र स्तव्ध बनेका छन्। उनको मृत्युले धेरैको आँखा रसाएको छ। सवैको मन जितेर प्रेरणाका स्रोत बनेका बस्नेतले आफैसँग किन हारे भन्ने सवैका लागि कौतुहलताको विषय भएको छ। झापा गोल्डकपका निवर्तमान अध्यक्षसमेत रहेका वस्नेतले बिर्तामोड-१ जगतबस्तीस्थित आफ्नै घरमा शुक्रवार स्वेच्छिक मरणको बाटो रोजेका हुन्।



उनी आफ्नै वेडरुमको सिलिङ फेनमा सलको पासो लगाएर झुण्डिएको अवस्थामा भेटिएका थिए। ५२ वर्षीय वस्नेत विभिन्न सामाजिक संघ संस्थामा समेत आवद्ध थिए। सयपत्री ट्रेड लिंक लगायत विभिन्न प्रतिष्ठानका सञ्चालक समेत रहेका उनी नेपाल उद्योग वाणिज्य संघ कोशीको कार्यसमिति सदस्य, मेची पेट्रोलियम डिलर्स एशेसिएसनका महासचिव, जेसीज पूर्व अध्यक्ष समाजका अध्यक्ष, एकका लागि एक अभियानका सह-संयोजक हुन्। उनी रोटरी क्लब अफ बिर्तामोडका पूर्वअध्यक्ष, नेपाल जेसीजका पूर्व राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष समेत रहेका थिए। बस्नेतका श्रीमती र एक छोरी रहेका छन्।

श्रीमती कोपिला बस्नेत अधिवक्ता हुन् भने एकमात्र छोरी विभूति एमबीबीएस अध्ययनरत रहेको जनाइएको छ। उनको शुक्रवार नै शवयात्रासहित कन्काई माईमा अन्त्येष्टि गरिएको छ। उनको शवयात्रामा धेरैजनाको सहभागिता रहेको थियो।

# अधुरै रहने भयो डोमालालको घर र शालिक

झापा(प्रस)। गत वर्षको फागुनमा छैठौं संस्करणको झापा गोल्डकप सम्पन्न गर्नेबित्तिकै अध्यक्ष विनोद बस्नेत अर्को पवित्र काममा लागिहाले। त्यो थियो- जग्गादाता स्वर्गीय डोमालाल राजवंशीको सालिक र घर निर्माण गरिदिने।

दाता डोमालाल राजवंशी र राजवंशी परिवारलाई उपेक्षा गरेको उनलाई मन परेन। भुईंमान्छेका लागि सँधै मरिमट्ने स्वभाव भएका सामाजिक व्यक्तित्व बस्नेतले डोमालालको परिवारको दुःख हेर्न सकेनन्। त्यही भएर डोमालालको घर र सालिक बनाइदिने अभियानमा उनी जुटिहाले।

स्व. डोमालालका सन्तानका लागि बस्नेतले आफैबाट आर्थिक सहयोग गर्ने घोषणा गरे। जग्गादाता राजवंशी परिवारको घर बनाउनका लागि अध्यक्ष बस्नेत स्वयंले ५१ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरे। त्यसपछि त्यस मानवीय कामका लागि अन्य धेरै सहयोगी मनहरुले स्वतःस्फूर्त सहयोग गर्ने प्रतिवद्धता जनाए। डोमालाल राजवंशीको





घरको लागि दाताहरुले १० लाखभन्दा बढी सहयोग गर्ने बचन दिए।

घरसँगै बस्नेतले डोमालालको सालिक बनाउने अठोट पनि लिए। उनले पवन राजवंशीलाई डोमालाल राजवंशीको स्केच बनाउन लगाई सोही स्केच अनुसारको अर्धकदको सिंगमरमरको सालिक भारतबाट बनाएर ल्याए। निर्माण भएर आएको सो सालिक बिगत ६ महिनादेखि झापा गोल्डकपको सचिवालयमा काठको बाकसभित्र थन्किरहेको छ। जग्गा व्यवस्थापन हुन नसक्दा निर्माण गरेर ल्याएको डोमालालको सालिक अलपत्र परेको हो।

त्यस्तै घरको लागि आर्थिक सहयोग गर्ने दाताहरु तयार भएपनि नगरपालिकाले ठाउँ नदेखाइदिँदा घर निर्माण पनि शुरु हुन सकेन। आफूले बोलेको र प्रयास गरेको काम पूरा गर्न नसक्दा उनी चिन्तित देखिन्थे। 'वडा कार्यालय र नगरपालिकाले जग्गा छुट्याइदिएको भए आजभोलि नै घर शुरु हुन्थ्यो' उनी भन्ने गर्थे।

बस्नेतकै पहलमा छैटौ गोल्डकपको उद्घाटनका दिन डोमालालको परिवारलाई १ लाख रुपैयाँ सहयोग गरिएको थियो। समाजसेवी विवेक प्रसाई र संगीता प्रसाईद्वारा उपलव्ध गराइएको एक लाख नगद राजवंशी परिवारलाई प्रदान गरिएको थियो। डोमालालकी छोरी सम्पत्तिको गुजाराका लागि थप नगद सहयोग गर्ने उनले योजना बनाएका थिए।


तिनै युवा समाजसेवी बस्नेतको शुक्रवार निधन भएको छ। उनको अकल्पनीय निधनले डोमालालको घर र सालिक बनाउने योजना अलपत्र परेको छ। अब निवर्तमान अध्यक्ष बस्नेतको सो सपना पूरा गर्ने जिम्मेवारी हालका अध्यक्ष केदार गिरीमाथि आइपुगेको छ। बस्नेतको सो सपना अधुरो रहन नदिने गिरीले बताए।

डोमालाल राजवंशीले रंगशाला भएको ठाउँमा करिव १३ विगाह जग्गा दान दिएका थिए। अहिले भूमिहीन बनेका डोमालालकी छोरी सम्पत्ति, नातिहरु भीम र छवि राजवंशी रंगशालाको पश्चिमपट्टि झुप्रो बनाएर बसेका छन्। उनीहरुले मजदुरी गरी गुजारा गर्दै आएका छन्।

# भारतमा रहेका नेपालीलाई सुरक्षा निर्देशन पालना गर्न आग्रह

झापा(प्रस)। भारतस्थित नेपाली राजदूतावासले भारतमा रहेका नेपालीहरूलाई सुरक्षासम्बन्धी निर्देशन पालना गर्न आग्रह गरेको छ।

दूतावासले भारत सरकारको आधिकारिक निकायबाट जारी भएका सुरक्षा निर्देशनहरू पालना गर्न आग्रह गरेको हो। दूतावासले शुक्रवार विज्ञप्तिमार्फत उक्त आग्रह गरेको हो। सूचनामा भनिएको छ, 'भारतको जम्मु-कश्मीर राज्यको पहलगाममा भएको आतंकवादी हमलापछि विकसित घटनाक्रमलाई मध्यनजर गर्दै



भारतमा रहेका नेपालीहरूलाई सचेत र सुरक्षित रहन एवं संकटकालीन अवस्थामा सुरक्षित आपतकालीन सेवा प्राप्त हुन सक्ने नजिकको स्थानको पहिचान गर्न तथा भारत सरकारको आधिकारिक निकायबाट जारी भएका सुरक्षासम्बन्धी निर्देशनहरूको पालना गर्न नेपाली दूतावास, नयाँदिल्ली अनुरोध गर्दछ।'

यसैबीच परिचयपत्र बाहक यात्रुलाई मात्रै नेपाल-भारत आवागमन गराउन सरकारले परिपत्र गरेको छ। पहलगाममा एक नेपालीसहित २६ पर्यटकको ज्यान जाने गरी भएको आतंकवादी आक्रमणसँगै भारत-पाकिस्तान युद्धमा उत्रिएपछि सिर्जित परिस्थितिलाई दृष्टिगत गरी गृह मन्त्रालयले अन्तर्राष्ट्रिय सीमा जोडिएका दक्षिणतर्फका नाकाबाट आवागमन

❖ बाँकी तेस्रो पृष्ठमा

# जलथल वनमा भेटियो दुर्लभ भोटे लहरा



झापा(प्रस)। जैविक विविधताले सम्पन्न जलथल वनमा दुर्लभ भोटे लहरा भेटिएको छ।

बिगत ६ वर्षदेखि जलथल वनमा जैविक विविधताको अध्ययन गर्दै आइरहेको फरेस्ट एक्सन नेपालको टोलीले नेपालमै दुर्लभ मानिएको वनस्पति भोटे लहरा फेला पारेको हो। जलथल वनमा भएको अध्ययनले १५५ प्रजातिका रुखहरु अभिलेखभैसकेका छन्। नेपालको कुल वनको ०१ प्रतिशत भूभाग ओगटेको यो वनमा नेपालका २५ प्रतिशत रुखहरु छन् भन्ने कुरा प्लियोने नामक जर्नलमा हालै प्रकाशित एक अध्ययनले प्रष्ट पारेको छ।

भोटे लहरा जिम्नोस्पर्म वर्गको एउटा वनस्पति हो, जसको वैज्ञानिक नाम निटम मोन्टानम( Gnetum montanum)रहेको छायसका पातहरु झट्ट हेर्दा थकौली लहराका जस्तै देखिन्छन् र हाँगाका आँख्लाहरु अरु भागभन्दा फुकेका हुन्छन्। यसका फूलका झुप्पाहरु पिपलाका जस्तै देखिन्छन्। भोटे लहरा चिसो ठाउँमा खोल्सा-खोल्सी छेउछाउ पाइन्छ। भोटे लहरालाई वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय ब्यापार नियमन गर्ने महासन्धिले( साइटिसCITES) अनुसूची ३ (III) मा राखेर व्यापार नियमन गरेको छ।

भोटे लहरा नेपालदेखि दक्षिण चीनसम्म र दक्षिणपूर्वी एशियाको भियतनामसम्म पाइन्छ। यो पूर्वी र मध्य नेपालमा समुन्द्री सतहदेखि २००-१८०० मिटरको उचाईमा चुरे र तल्लो पहाडी क्षेत्रबाट मात्रै अभिलेख गरिएको छायसको नमुना पूर्वी नेपालमा इलाम जिल्लाको चुलाचुली क्षेत्रबाट सन् १९७२ मा डा. तिर्थबहादुर श्रेष्ठ नेतृत्वको समूहले संकलन गरेको

# अवैधरुपमा उत्खनन् गर्ने दुईवटा स्काईभेटर नियन्त्रणमा



झापा(प्रस)। मापदण्डबिपरित बालुवा तथा गिटी उत्खनन् गर्दै गरेको अवस्थामा अर्जुनधारा नगरपालिका वडा नम्बर ३ स्थित टाङटिङ खोलाबाट दुईवटा स्काईभेटर प्रहरीले नियन्त्रणमा लिएको छ। शुक्रवार दिउँसो अन्दाजी ३:३० बजे टाङटिङ खोलामा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी र जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक राजन लिम्बूको संयुक्त अनुगमन टोलीले बालुवा तथा गिटी उत्खनन् गर्दै गरेको अवस्थामा बा २ क ४६४७ नम्बर र नम्बर नखुलेको अर्कोगरी जम्मा २ वटा स्काईभेटर नियन्त्रणमा लिएको हो। अस्थाई प्रहरी चौकी खुदुनाबारीमार्फत स्काईभेटरलाई खोलाबाट निकाली स्थानीयको गाईफर्म नजिक सुरक्षित राखिएको छ। ती स्काईभेटर आवश्यक कार्वाहीको लागि अर्जुनधारा नगरपालिकामा बुझाउने पहल भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# बिर्तामोडमा फेरि दिनदहाडै १९ लाखको धनमाल चोरी

बिर्तामोड(प्रस)। झापाको बिर्तामोडमा फेरि दिनदहाडै १९ लाख बराबरको धनमाल चोरी भएको छ। २९ लाखको धनमाल चोरी भएको दुई साता नबित्दै फेरि त्यति ठूलो परिमाणमा चोरी भएको हो। शुक्रवार बिहान ११ देखि १२ बजेको बीचमा बिर्तामोड वडा नं. ३ पुण्डरी टोल बस्ने किरण दाहालको अढाई तले घरबाट नगद र गरगहना चोरी भएको हो। बीच तलाको कोठाको



चाबी घरधनीले कोठा अगाडी जुत्तामा लुकाई राखेकोमा सोही चाबीले कोठाको ढोका खोली सुनको हार ३ थान, चन्द्रमा १ थान, औठी ६ थान, तिलहरी २ थान, कटर गेडी १ थान, नौगेडी २ थान, पिँजडा १ थान, सिक्री १ थान गरी ९ तोला ६ आना बराबरको सुन र नगद ४० हजार गरी १९ लाख २ हजार ४०० रुपैयाँ बराबरको चोरी भएको प्रहरीले जनाएको छ।

यसअघि बैशाख १५ गते दिनदहाडै ढोका फोरी बिर्तामोड नगरपालिका वडा न.४ हिमशिखर टोल बस्ने कमला कार्कीको घरबाट २९ लाख बराबरको धनमाल चोरी भएको थियो।

डा. प्रेम ब. शाही, MS, FISS
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

डा. दिपायन पाण्डे, MD
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

डा. आलोक झा, MD
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

डा. केशव कु. मण्डल, MD
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

डा. अच्युत भक्त आचार्य, MD, DM
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

डा. विवेक कट्टेल, MD, FRCI
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

डा. निशान भुर्तेल, MD, DM
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

डा. धर्मागत भट्टराई, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. उत्कर्ष कार्की, MD, DM
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

डा. सन्तोष मिश्र, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

डा. दिलिप न्यौपाने, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. पुरूषोत्तम पराजुली, MS, MCh
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

डा. अपार पोखरेल, MS, FIPE
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

डा. हरिशंकर प्र. यादव, MD, FIEM
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# महानगरले तोकेको जरिवाना तिर्दै राजावादी



झापा(प्रस) । पूर्वराजा ज्ञानेन्द्र शाहका नाममा काठमाडौं महानगरपालिकाले तोकेको जरिवाना तिर्ने तयारी गरिएको छ ।
जनआन्दोलन संघर्ष समितिका संयोजक नवराज सुवेदीलगायत नेताहरूले महानगर पुगेर जरिवाना तिर्ने तयारी गरेको राष्ट्रिय प्रजातन्त्र पाटी (राप्रपा)का प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए ।
"जरिवाना राप्रपाले तिर्ने होइन । राजावादी साथीहरूले संकलन गरेको रुपैयाँसुवेदीलाई बुझाएका छन् । महानगरमा बुझाउने हो," उनले भने ।
गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको राजावादी प्रदर्शनमा सार्वजनिक सम्पत्ति तोडफोड र फोहोर गरेकोसहित विभिन्न शीर्षकमा काठमाडौं महानगरले पूर्वराजा शाहका नाममा सात लाख ९३ हजार रुपैयाँ बराबरको जरिवानापत्र काटेको थियो ।

त्यसपछि राजावादीको एक समूहले सामाजिक सञ्जालमार्फत चन्दा संकलन अभियान चलाएको थियो । चन्दा संकलनबाट उठेको रकममध्ये सात लाख ९३ हजार जरिवाना तिर्ने र बाँकी रुपैयाँ समितिले नै खर्च गर्नेछ ।

## महाधिवेशनको ...

तर पछिल्लो समय उपमहासचिव जनार्दन शर्माले युवा पुस्तामा नेतृत्व हस्तान्तरण हुनुपर्ने विषय जोडसँग उठाउँदै आएका छन्। तर प्रचण्ड अझै नेतृत्व छाड्ने मनस्थितिमा छैनन् । केही समयअघि बर्दिया पुगेर उनले अझै दुई कार्यकाल माओवादीका लागि आफ्नो खाँचो रहेको बताएका थिए। त्यसो त माओवादी अहिले जनतासँग जोडिने अभियानमा छ। केही समयअघि मात्रै हुलाकी राजमार्ग केन्द्रित तराई-मधेश जागरण अभियान सम्पन्न गरेको उसले अब २ जेठ देखि मध्यमहाडी लोकमार्ग अभियान थाल्दै छ।
यसरी एक त नेतृत्वको गम्भीर सवाल र अर्को जनतामा पुग्ने अभियानमा रहेकाले महाधिवेशन मुखैमा आए पनि माओवादीले तयारी अघि बढाउन सकेको छैन। महासचिव देव गुरुङ मध्यपहाडी अभियान सकिएलगत्तै बस्ने बैठकले महाधिवेशनबारे निर्णय गर्ने बताउँछन्। 'अहिले त हामी अभियानको तयारीमा लागिरहेका छौं', उनी भन्छन्, 'अब मध्यपहाडी अभियानको क्रम छ। त्यो सकिएपछि बस्ने बैठकमा छलफल हुन्छ।'

### रास्वपालाई छैन वैधानिक र संवैधानिक दबाब

२०७९ को आमनिर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पूर्वनिर्धारित कार्यतालिका हेरफेर नभएको भए यति वेला महाधिवेशनमा होमिरहेको हुन्थ्यो तर सभापति रवि लामिछाने नै सहकारीको बचत रकम अपचलन प्रकरणमा थुनामा गएपछि फागुनलाई सारिएको छ। वैशाख २५ देखि २७ सम्म चितवनमा महाधिवेशन गर्ने पूर्वनिर्धारित तालिका रहेकोमा वैशाख ४ को केन्द्रीय समिति बैठकले फागुनलाई सारेको हो। जसअनुसार तल्लो तहमा अधिवेशन पनि गरिरहेको छ।
तर रास्वपालाई अन्य दलहरूभन्दा कानुनी दृष्टिकोणले सहज देखिन्छ। केही कारण आगामी फागुनमा महाधिवेशन हुन नसके पनि कानुनी अड्चन उसलाई हुँदैन।
२०७९ असार ७ गते गठन भएको रास्वपा असार १७ गते निर्वाचन आयोगमा दर्ता भएको थियो। राजनीतिक दलसम्बन्धी ऐनअनुसार पाँच वर्षभित्र अर्थात् ०८४ भित्र असार वा विशेष परिस्थितिलाई देखाएर थप ६ महिनाभित्र महाधिवेशन गरे पुग्छ।
रास्वपाको अघिल्लो विधानमा संघीय निर्वाचन सकिएको एक वर्षभित्र राष्ट्रिय महाधिवेशन गरिसक्ने उल्लेख थियो। यसबीचमा विधान संशोधन गरेर रास्वपाले त्यो प्रावधान हटाइसकेको छ। संशोधित विधानको धारा २३ (५) मा प्रत्येक पाँच वर्षमा राष्ट्रिय महाधिवेशन हुने उल्लेख छ।
अन्य दलमा जस्तो रास्वपामा भने नेतृत्वमा सकस छैन। महाधिवेशन जहिले भए पनि पुनः एकपटक लामिछाने नै सभापति बन्नेमा नेताहरू एकमत जस्तै देखिन्छन्। तर थुनामा रहेको व्यक्ति महाधिवेशनमा उपस्थित नभई नेतृत्व चुनिन पाउने/नपाउने बहसकै विषय छ।

### राप्रपाको प्राथमिकतामै छैन

विधानले दिएको एक वर्ष थपको सुविधालाई अलग राख्ने हो राप्रपाका लागि पनि २०८२ महाधिवेशन वर्ष हो। राप्रपाको विधानमा हरेक चार वर्षमा महाधिवेशन हुने, तर विशेष कारणले हुन नसके एक वर्ष थप्न पाउने व्यवस्था छ।
त्यही सुविधा उपभोग गर्ने मनस्थितिमा नेताहरू देखिन्छन्। त्यसो हुँदा राप्रपाले ०८३ मंसिरमा महाधिवेशन गर्नुपर्छ। राप्रपाको अघिल्लो महाधिवेशन २०७८ मंसिरमा भएको थियो।
तर राजा ल्याइछाड्ने प्रयासमा अलमलिँदा महाधिवेशनको तयारीमा जुट्न समेत पाएको छैन। त्यसो प्राथमिकतामा पनि महाधिवेशनभन्दा आन्दोलन नै रहेको राप्रपा महामन्त्री राजेन्द्र गुरुङ बताउँछन्।
'हामी अहिले महाधिवेशनभन्दा पनि आन्दोलनकै कार्यक्रमलाई बढी प्राथमिकतामा राखेका छौं', उनी भन्छन्, 'तर विधान र संविधानले दिएकै समयसीमाभित्र महाधिवेशन पनि गर्छौं।'

## जलथल...

थियो।हालै यो झापा जिल्लाको जलथल वनमा पनि भेटिएको छ।जलथलको दियालो सामुदायिक वनमा फरेस्ट एक्सन नेपालले हालै गरेको एउटा स्थलगत अध्ययनले भोटे लहरा नेपालको तराई क्षेत्रमा पहिलो पटक भेटिएको हो।यस स्थलगत अध्ययनमा फरेस्ट एक्सन नेपालका वनस्पति अनुसन्धानकर्ता योगेन्द्रविक्रम पौडेल र स्थानीय कर्मचारी ललिता राजवंशीका साथै दियालो र बिशाल सामुदायिक वनका उपभोक्ताहरु संलग्न थिए।
फरेस्ट एक्सन नेपालका डा लिलानाथ शर्माका अनुसार भोटे लहरा जलथल जंगलमा पाइने अनुमान गरेता पनि हालसम्म भेटिएको थिएन । 'यो दुर्लभ लहरा भेटिएसँगै जलथलको महत्व अझै बढेको छ ' डा शर्माले भने ।
भोटे लहरा दुर्लभ मात्र नभई वनस्पति उद्विकासको एउटा महत्वपूर्ण सेतु भएको कुरा अध्ययनमा संलग्न योगेन्द्रविक्रम पौडेलले बताए।

# झापा गाउँपालिकाका ८६८ जनाले गराए स्वास्थ्य जाँच

कुमरखोद(प्रस) ।झापा गाउँपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको तीन दिवसीय निःशुल्क स्वास्थ्य शिविर शरणामती स्वास्थ्य चौकीमा बिहीवार सम्पन्न भएको छ ।
आर्टिफिसियल इन्टेलिजेन्स (एआई) एक्सरे प्रविधिद्वारा क्षयरोगी पत्ता लगाउन गरिएको स्वास्थ्य शिविरमा महिला ४९८ जना र पुरुष ३७० गरी जम्मा ८६८ जनाले छातीको



चेकजाँच गराएका छन् ।
कुमरखोद स्वास्थ्य चौकीमा २०१, आधारभूत अस्पताल टाँघनडुब्बामा ३०४ र शरणामती स्वास्थ्य चौकीमा ३६३ गरी जम्मा ८६८ जनाले एआई प्रविधिद्वारा छातीको एक्सरे जाँच गराएका हुन् । एक्सरे जाँचबाट पालिकाभरि १४ जनामा क्षयरोग पुष्टि भएको छ । उनीहरुलाई औषधी दिन शुरु गरिसकेको स्वास्थ्य शाखा प्रमुख प्रेम न्यौपानेले बताए ।
एआई एक्सरे परीक्षणमा १३१ जनामा क्षयरोगको लक्षण देखिएका कारण उनीहरुको खकार परीक्षण गरिने र ४५ जनाको Genexpert test गरिने स्वास्थ्य शाखा प्रमुख न्यौपानेले जानकारी दिएका छन् । शिविरमा स्वास्थ्य निर्देशनालय धनकुटा र स्वास्थ्य कार्यालय झापाको प्राविधिक सहयोग रहेको थियो ।

## कञ्चन अंग्रेजी माविमा हरि कृष्ण अक्षयकोष स्थापना

झापा(प्रस) । बिर्तामोड ७ मा रहेको कञ्चन अंग्रेजी माध्यमिक विद्यालयमा हरिकृष्ण अक्षयकोष स्थापना गरिएको छ ।

तेह्रथुमको छातेढुङ्गामा वि.सं. २००२ साल श्रावण १६ गते जन्म भई हरिमाया पकुवालसँग वैवाहिक बन्धनमा बाँधिएर हाल बिर्तामोड ७ बिरानमा बसोबास गर्दै आएका हरि कृष्ण पकुवालले २५ हजार रुपैयाँको अक्षयकोष स्थापना गरेका हुन् । निजी क्षेत्रलाई हेर्ने गलत नजरलाई तोड्दै पकुवालले आफ्नो जीवनमा उदाहरणीय कार्य गरेका हुन् ।
विद्यालयमा आयोजित एक कार्यक्रमका बिच प्रधानाध्यापक दिपक चम्लागाई र सहप्रधानाध्यापक बद्री बास्कोटालाई संयुक्तरुपमा उनले अक्षयकोषको रकम हस्तान्तरण गरेका थिए । कक्षा ८ मा उत्कृष्ट अङ्क ल्याउने जेहेन्दार र गरिव विद्यार्थीलाई सो अक्षयकोषको रकमबाट आएको ब्याजले छात्रवृत्ति वितरण गरिने विद्यालयका फाउन्डर डिल्लीराम चम्लागाईले बताए ।

गुणस्तरीय शिक्षा र अतिरिक्त क्रियाकलापमा सो विद्यालय उत्कृष्ट रहँदै आएको छ । यस वर्षको कक्षा ८ को परीक्षामा आफ्ना विद्यालयका सबै विद्यार्थीहरुले ए प्लस र ए ग्रेडमा उत्तीर्ण गरेको फाउन्डर चम्लागाईले जानकारी दिए ।

## पाहुना जाने क्रममा भद्रपुरकी राईको भीरबाट लडेर मृत्यु

झापा(प्रस) । खोटाङस्थित आफन्तकोमा पाहुना जाँदै गर्दा भद्रपुरकी एक महिलाको भीरबाट लडेर मृत्यु भएको छ । बिहीवार दिउँसो १ बजे खोटाङ केपिलासगढी गाउँपालिका -४ सिम्पानीस्थित आफन्तको घरमा पाहुना जाने क्रममा भद्रपुर नगरपालिका -२ बस्ने शुक्रराज राईकी श्रीमती वर्षीया हर्कमाया राई अचानक भीरबाट लडेर गंभीर घाइते भएकी थिइन् । घाइतेलाई श्रीमान शुक्रराजले ना १ ज ७४८४ नं. को गाडीमा उपचारका लागि धरानतर्फ लाँदै गर्दा बाटोमै मृत्यु भएको हो । मृतक महिलाको शव जिल्ला अस्पताल दिक्तेलको शवगृहमा राखिएको छ । ती महिला भीरबाट अन्दाजी २५० मिटर तल खसेको प्रहरीले जनाएको छ ।

## बुहारीलाई चुलेसी हानेका कचनकवलका बृद्धको मृत्यु

झापा(प्रस) । आफ्नै बुहारीलाई चुलेसी प्रहार गरी हार्पिक सेवन गरेका झापा कचनकवलका एक बृद्धको उपचारका क्रममा मृत्यु भएको छ । गत मंगलवार राति ८:१५ बजे कचनकवल गाउँपालिका वडा नं.७ बस्ने प्रेमकुमार सदेम्बा (लिम्बू) की श्रीमती ५२ वर्षीया सलानी सदेम्बालाई पुरानो रिसिविका कारण उनका ससुरा ७८ वर्षीय प्रेमबहादुर सदेम्बाले तरकारी काट्ने चुलेसी प्रहार गरेका थिए । टाउकोमा चोट लागेर घाइते भएकी बुहारी सलानीलाई ओमसाई पाथिभरा अस्पताल भद्रपुर लगिएको थियो । त्यहाँबाट सलानीलाई थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो । चुलेसी प्रहार गर्ने प्रेमबहादुरलाई खोजतलास गर्ने क्रममा राति ११ बजे उनी आफ्नै घरमा हार्पिक सेवन गरी अचेत अवस्थामा फेला परेका थिए । उनलाई बनियानी प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचारपश्चात् थप उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो ।
हिजो दिउँसो अबस्था गंभीर बनेपछि प्रेमबहादुरलाई थप उपचारको लागि ओमसाई पाथीभरा अस्पतालको आइसीयुमा भर्ना गरिएको थियो । उपचारका क्रममा शुक्रवार बिहान ४ बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।


**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल**
**मिति २०८२/०१/२७**

**सँधियारको नाममा १५ दिने सूचना**

प्रस्तुत विषयमा भद्रपुर नगरपालिका वार्ड नं.१० वस्ने श्री जमुना दासको नाममा दर्ता कायम रहेको साविक चन्द्रगढी ६ हाल भद्रपुर नगरपालिका वार्ड नं. १० को कि.नं. ९५४८ को जम्मा व.मि. १५२.३७ जग्गामा भवन निर्माण कार्य सम्पन्न गरी भवन नक्सा अभिलेखीकरण प्रमाणपत्र उपलब्ध गराई पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा पूर्व र उत्तरतर्फको सँधियार क्रमशः रमेश आचार्य र समीर अधिकारी सरजमिन स्थलमा अनुपस्थित हुनु भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) वमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस विषयमा तपाईको कुनै किसिमको दावी विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगरकार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला । म्यादभित्र दावी विरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराईन्छ ।



**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**

**पुराना सामान बिक्री सम्बन्धी बोलपत्र आव्हान**
**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२६**

यस सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.मुल कार्यालय,बिर्तामोड-२, चारपाने, झापामा रहेका पुराना सामान बिक्री गर्नु पर्ने भएको हुदा इच्छुक ब्यक्ति,फर्म/संस्था वा कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । बोलपत्र पेश गर्ने अन्तिम दिन कार्यालय बिदा भएमा त्यसको भोली पल्ट पेश गर्न सकिने छ ।
**बिक्री गरिने सामानहरुको विवरण** : पुराना ब्याट्री, स्क्यानर,स्टेपलाईजर, इन्भटर, यु.पि.एस., कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन र फलाम टुक्रा तथा अन्य सामानहरु :
**सामान बिक्री गर्ने न्युनतम दररेट सम्बन्धि विवरण :**

| क्र.सं. | सामानको नाम | न्युनतम दररेट |
|---|---|---|
| १. | पुराना ब्याट्री | प्रति एम्पीयर रु. ४०।- |
| २. | पुराना स्टीलको दराज र कुर्सी | प्रति के.जी. रु. ५५।- |
| ३. | पुराना इन्भटर, स्टेपलाईजर, स्क्यानर, प्रिन्टर, कम्प्युटर र अन्य सामानहरु | प्रति के.जी. रु. ६५।- |
| ४. | गाडीको पुरानो टायर | प्रति के.जी. रु. १६।- |

**अन्य व्यवस्थाहरु :**
१) बोलपत्र ब्यक्ति, संघ, संस्था ,कम्पनी वा फर्मले पेश गर्न सकिनेछ ।
२) व्यक्तिले हस्त लिमित निवेदन वा फर्मको लेटर प्याडमा बोलपत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३) बोलपत्र पेश गर्दा रु ५०००।- (अक्षरेपी : पाँच हजार मात्र) धरौटी रकम यस संस्थाको एक्सेल डेभलपमेन्ट बैंक, बिर्तामोड शाखा कार्यालयमा रहेको खाता नम्बर ००१००२००००३६६७००००२ जम्मा गरि उक्त भौचरको सक्कल प्रति संस्थामा बुझाउनु पर्नेछ
४) सबै भन्दा बढी रकम कबोल गर्नेलाई उक्त सामानहरु उपलब्ध गराईनेछ, अन्यको धरौटी रकम फिर्ता गरिनेछ ।
५) बोलपत्र स्वीकृतबाट सामान प्राप्त गर्ने फर्म वा व्यक्तिले सामानको सम्पूर्ण रकम सम्बन्धित बैंकमा जम्मा गरेको भौचर संस्थामा उपलब्ध गराएपछि मात्र संस्थाले सामान बाहिर लैजानको लागि गेट पास उपलब्ध गराउनेछ ।
६) ब्याट्री तथा अन्य सामान हेर्न चाहानेले यस संस्थाको मुल कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।
७) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन ।
८) काटेशन स्वीकृत गर्ने, नगर्ने, रद्द गर्ने सम्पुर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।
९) बोलपत्र पेश गर्ने फर्म भएमा फर्मको सम्पूर्ण आवश्यक प्रमाण-पत्रहरु बोलपत्रमा संलग्न हुनु पर्नेछ ।
१०) **कोटेशन पेश गर्ने स्थान :**
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को मुल कार्यालय बिर्तामोड -२, चारपाने, झापा

**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**
**फो.न. ०२३-५३११९८, ५३३४०८**



**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टाँघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल**
**मिति- २०८२/०१/२७**

**झापा गाउँपालिका गाउँ कार्यपालिकाको सार्वजनिक सूचना**

**प्रस्तुत विषयमा झापा गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा सडेगलेका, बासी तथा अखाद्य माछा बिक्री वितरण गरेको सूचना पाईएकाले यस किसिमका माछा सेवन गर्दा स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएकाले यस्तो काम नगर्न नगराउनु हुन साथै कसैले यस्ता अखाद्य माछा बिक्री वितरण गर्ने गरेको भए नजिकैको प्रहरी कार्यालय, वडा कार्यालय अथवा गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।**



**बिर्तामोड नगरपालिकाको**
**अत्यन्त जरुरी सूचना**

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं ।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नयाँ चुनौती

**अहिले देशमा २२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू दर्ता भएका छन्। यी समूहले २० लाख हेक्टरभन्दा बढी वन क्षेत्र व्यवस्थापन गर्छन्।**

**समुदायमा आधारित वनस्रोत व्यवस्थापनका लागि नेपाल संसारमै अग्रणी मानिन्छ। नेपालको सामुदायिक वन व्यवस्थापनले वन संरक्षण मात्र गरेको छैन, स्थानीयस्तरमा सामाजिक, आर्थिक र पर्यावरणीय परिवर्तन ल्याउने काममा अहम् भूमिका खेलेको छ। हाल देशभरि २२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू विधिवत् दर्ता भएका छन्। यी उपभोक्ता समूहहरूले २० लाख हेक्टरभन्दा बढी वन क्षेत्र व्यवस्थापन गर्छन्। यो क्षेत्रफल देशको कुल वन क्षेत्रको एक तिहाइ जति हुन आउँछ।**

**सामुदायिक वन समूहहरूको राष्ट्रिय सञ्जाल देशमै एक सशक्त नागरिक समाजको संगठनको रूपमा पर्दछ। सन् १९७०–८० को दशकमा उजाड बनेका डाँडापाखाहरू समुदायको नेतृवमा व्यवस्थापन हुन थालेपछि धेरैजसो ठाउँमा हराभरा हुन थालेका छन्। द्वन्द्वकालमा स्थानीय सरकारको अनुपस्थितिमा भएको रिक्तता कतिपयमध्ये पहाडी बस्तीहरूमा सामुदायिक वन उपभोक्ता समूहहरूले पूरा गरेका थिए। झन्डै पाँच दशकको यात्रा पार गर्दा नेपालको सामुदायिक वनले अनेक अवस्थाहरू पार गर्दै बदलिँदो सामाजिक, राजनीतिक, पर्यावरणीय र आर्थिक परिदृश्यसँगै रूपान्तरणको मोडमा उभिएको छ।**

**वनको संरक्षण, विकास, जैविक विविधता वृद्धि, भूसंरक्षण र अन्य वातावरणीय संरक्षणमा सामुदायिक वनको अग्रणी भूमिका रहेको छ। स्थानीय समुदायका वन स्रोतको आवस्यकता पूरा गर्ने मात्र होइन, विपन्नहरूका लागि वनमा आधारित आयस्रोत बढाउन पनि मद्दत पुगेका उदाहरण छन्। वन उद्यमका मध्यमबाट वन स्रोतमा धनी समूहहरूले त आर्थिक लाभ पनि गरेका छन् जसबाट सामुदायिक पूर्वाधार विकासमा समेत टेवा पुगेको छ। सामुदायिक वन समूहहरू महिला सशक्तीकरण र समावेशी विकासका पाठशालाजस्तै भएका छन्। समुदायिक वनमा नेतृत्व विकास गरी अन्य विभिन्न संघसंस्थामा कुशल नेतृत्व गर्नेहरूको संख्या पनि बढ्दै गएको तथ्यांक भेटिन्छन्।**

**पुरानो समयको राज्यकेन्द्रित वन व्यवथापनबाट समुदायमा आधारित वन व्यवस्थापनमा आइपुग्नु आफैंमा ठूलो रूपान्तरण हो। यद्यपि, बदलिँदो राजनीतिक, आर्थिक, सामाजिक र पर्यावरणीय परिदृश्यसँगै सिकाइका आधारमा सामुदायिक वन व्यवस्थापनको तौरतरिका, प्राथमिकता र पद्दतिमा पनि रूपान्तरणको जरुरी हुन्छ। हिजोका दिनमा स्थानीय सरकारको अनुपस्थितिमा सामुदायिक वन उपभोक्ता समूहहरूको एक प्रकारको भूमिका थियो। अहिले देश संघिय संरचनामा छ। स्थानीय निकाय पहिलेभन्दा अधिकार सम्पन्न छ। वन संगठनको आफ्नै संरचना छ। सामुदायिक वनको आफ्नै अवधारणा छ। यस सन्दर्भमा बहुसाझेदारबीच सामुदायिक वनको पद्धति कसरी मजबुद बनाउने ? यो नयाँ चुनौती हो।**




# राजनीतिमा छलाङ, कार्यशैलीमा विचलन



• डा.ठाकुरप्रसाद भट्ट

राजनीतिक परिवर्तनका हिसाबले नेपालले संघीय गणतन्त्रमा पुगेर छलाङ मारिसकेको छ । यो राजनीतिक परिवर्तनलाई २०७२ को संविधानले संस्थागत गरिसकेपछि यहाँ मूलभूत तवरमा खासै कुनै राजनीतिक एजेन्डा सायद छैन । संविधानको अभ्यास गर्दै जाँदा समसामयिक सुधारका कुरा हुनु स्वाभाविक हो । लोकतन्त्रको विकल्प उन्नत विकल्प हो भन्ने मान्यतामा देश अघि बढिरहेको छ । यसै कारण हालैका दिनमा पछाडि फर्कन चाहने तत्वले उठाउन खोजेको मुद्दाले कुनै स्थान पाइरहेको छैन । तथापि समजामा बढ् दो असन्तुष्टि, यदाकदा देखिने आक्रोश, र क्रमिक रूपमा फैलिरहेको निराशाका कारण र समाधानको खोजी जरुरी देखिएको छ । जे जस्तो कारणले होस्, उत्साह जागृत हुन नसकेको समाजले उन्नति हासिल गर्न सक्दैन । यो तथ्यलाई समाजले दिएको पृष्ठपोषण मानेर त्यसका पछाडिका कारणको खोजी गरी राज्य र समाजका सबै अङ्गले यथोचित भूमिका निर्वाह गर्न जरुरी भएको छ ।

राजनीतिक परिवर्तन क्रान्तिकारी तहको हुँदा पनि आमजनताको तहमा सन्तुष्टि र आशा जागृत नहुनुका पछाडि नीति, योजना प्रभवाकारी नहुनुलगायतका धेरै कारण हुन सक्छन् । तथापि सर्वसाधारण जनताको तहमा भने प्रत्यक्ष देखिने, भोगिने, चर्चा हुने कार्यशैली नै मूल कारण रहेको पाइन्छ । यहाँ कार्यशैली भन्नाले मूलतः सरकारको, राजनीतिक दल र नेताहरूको कार्यशैली तर्फ नै सर्वसाधारण जनताको चासो रहने गरेको पाइन्छ । राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनको बेलामा होस वा आवधिक निर्वाचनका बेला राजनीतिक दल र नेताहरूले देखाउने व्यवहार र प्रतिबद्धता र त्यसपश्चात् देखाउने उनीहरूको कार्यशैली र व्यवहारमा आउने फेरबदलका कारण जनतामा अविश्वास र असन्तुष्टि जाग्ने गरेको छ । सूचना प्रविधिमा भएको विकासले सर्वसाधारण जनताको सोसल मेडियामा सहज पहँच पुग्नाले गुनासा र असन्तुष्टि प्रकट भइरहेको पाइन्छ । समयमै यस्ता गुनासा र असन्तुष्टितर्फ ध्यान नदिँदा यसले बिस्तारै आक्रोशको रूप लिने र बेलाबखत विस्फोट हुने पनि गर्छ । यो समाजमा चल्ने घर्षण र द्वन्द्वको सामान्य नियम पनि हो । मूल कुरा यस्ता प्रतिक्रिया बुझेर कार्यशैलीमा सुधार गरी व्यवहार सम्बोधन र व्यवस्थापन गर्नु हो ।

सरकारहरूमा देखिएको एउटा मुख्य कार्यशैलीगत कमजोरी भनेको थिति बसाल्ने तर्फ ध्यान गएको देखिएन, सुविचारित प्रयास भएनन् । राजनीतिक परिवर्तनपश्चात् प्राप्त शक्तिको प्रयोग जानेर नजानेर मनोमानी तवरमा शासन चलाउने तर्फ गयो । पद्धति बासलेर पारदर्शी र जवाफदेही तवरमा शासन सञ्चालनतर्फ सरकार र दलहरूको ध्यान गएन । जनताले यसमा दल र नेताहरूको लापरबाही शैली देखे । यही अवस्था देखेर प्रबुद्ध प्राज्ञिक व्यक्तित्व चैतन्य मिश्रबाट हालै एक लेखमार्फत त्रिभुवन विश्वविध्यालयको बिग्रँदो अवस्थालाई सुधार गर्न थिति बसालेर अघि बढ्न गहन सुझाव आएको छ । यस्तो अवस्था विश्वविद्यालयहरूमा मात्र होइन अधिकांश निकायमा छ, जहाँ बेथिति हाबी भइरहेको छ । सरकार र राजनीतिक दल आफ्नो दलीय स्वार्थ र निहित स्वार्थ समूहको प्रभावमा परेर बेथितिको संवाहक बनिरहेका छन् भन्ने छाप जनमानसमा परेको छ । राजनीतिक परिवर्तनका लागि दल र नेताले देखाएको त्याग र संघर्ष विपरीत सत्तामा पुगेपछिको उनीहरूको कार्यशैलीमा देखिएको अन्तरबाट जनतामा भरोसा टुट्दै गएको अवस्था छ । सर्वसाधारण जनताको राजनीतिक परिवर्तनबाट स्थापित प्रणाली प्रतिभन्दा पनि सरकार र जिम्मेवार दल र तिनका नेताको कार्यशैली र व्यवहारमा आएको विचलनप्रति गहिरो असन्तुष्टि देखिएको छ ।

जनताको अपेक्षा विगतको बेथिति रोक्ने र थिति बसाल्ने कार्यशैलीको हो । राजनीतिक परिवर्तनले लोकतान्त्रिक प्रणाली स्थापना गरिसकेको छ तर यो सुहाँउदो प्रशासन सञ्चालनमा सुशासनयुक्त कार्यशैलीको अभाव छ । यसो हुनुमा २०४७ सालको परिवर्तनसँगै प्रवेश पाएको दलीय पेसागत सङ्गठनको हस्तक्षेप र अवरोधले राज्यका सबै जसो निकायमा पारेको कुप्रभाव मूल कारणको रूपमा देखिएको छ । विडम्बना २०६२/६३ को परिवर्तनपश्चात् पनि यसमा नियन्त्रण हुनुको साटो यो झन् बढेर गएको छ र दलीय पेसागत सङ्गठनको चलखेलले प्रशासनिक, शैक्षिकलगायत सबै क्षेत्रलाई प्रदूषित पारेको छ । राज्यका निकाय र तिनका पदाधिकारीले स्वायत्त तवरमा संस्थाको हितमा काम गर्ने वातावरण हराएको छ । प्रबुद्ध विश्लेषक चैतन्य मिश्रका अनुसार "युनियनमा सङ्गठित व्यक्तिको प्रभाव यति बलियो छ कि उनीहरूले सम्पूर्ण संरचना र विश्वविद्यालयका गतिविधि नियन्त्रण गर्छन् । सर्वत्र त्रासको वातावरण खडा गर्छन् । इच्छुकका लागि आशाको त्यान्द्रो पनि फाल्छन् ।"

यसरी जब दलिय पेसागत सङ्गठनले नै संस्थाको नियन्त्रण गर्ने हो भने ती संस्थाको औचित्य नै के रह्यो- गम्भीर सवाल उठेको छ । यहाँ पेसागत सङ्गठन हुनुहुँदैन भन्ने सवाल होइन । आफ्नो हकहितका लागि पेसागत सङ्गठन हुनु पर्छ तर तिनीहरू पूर्णतः पेसागत मर्यादमा रहने थिति कायम गरिनु पर्छ । दलबाट संरक्षित पेसागत सङ्गठन हुने र त्यस्ता सङ्गठनका माध्यमबाट राजनीतिक दलले राज्य दोहन गर्ने जुन कार्यशैली देखिएको छ त्यो लोकतन्त्र र सुशासनयुक्त प्रशासनका लागि घोर बाधक बनिरहेको छ । हालैको शिक्षक आन्दोलनका बेलामा पनि आमनागरिकले सामाजिक सञ्जालमा दलीय पेसागत सङ्गठनको औचित्यमाथि प्रश्न उठाएको तथ्यलाई मनन गर्न जरुरी छ । यो सवाल सरकार र दलहरूले साझा सहमति गरेर एउटै निर्णयमा समाधान दिन सक्ने विषय हो । दलहरूको सङ्कीर्ण दलीय स्वार्थका कारण दलीय पेसागत सङ्गठनको कारण यहाँ कुशासन छाएको छ, जसका कारण आमनागिरक वृतमा निराशा छाएको छ ।

अर्को कमजोर कार्यशैलीको दृष्टान्त हो सरकार, राजनीतिक दल र नेताहरूले अध्ययन-अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा नीति निर्माणमा गर्ने शैलीलाई अङ्गीकार नगर्नु । यसो नगर्दा सरकार र राजनीतिक दल हचुवाको शैलीमा अभ्यस्त हुन पुगेको पाइन्छ । अध्ययन-अनुसन्धान बिना बन्ने नीति निर्माणमा स्वार्थ समूह र बिचौलियाले खेल्ने मौका पाउँछन् । यसै कारण बन्ने गरेका नीति-योजना प्रभावकारी बन्न सकेका छैनन् भने विवादित पनि बन्दै आएका छन् । राजनीतिक नेतृत्वमा रहेको बुझाइको कमी र अनुसन्धानलाई आत्मसात् गर्न नसक्ने कर्मचारीतन्त्रको चङ्गुलमा परेर अनुसन्धानमा आधारित नीति निर्माणको अभ्यास हुन सकेको पाइँदैन ।

सरकार र राजनीतिक दलहरूले समेत आत्मसात् गर्नुपर्ने विषय भनेको तथ्यमा आधारित नीति निर्माण पद्धति बसाल्न अनुसन्धानमा आधारित विकासको अभ्यास हुनु जरुरी छ । यहाँ नवीन सोच र सिर्जनशीलता होइन, सस्तो लोकप्रियताका लागि राज्य स्रोत दोहनको प्रवृत्ति हाबी भइरहेको छ । यस्तो शैलीले समृद्धि हासिल हुनै सक्दैन । हामी पहिले अनुसन्धान गरेर त्यही आधारमा विकासका योजना तथा कार्यक्रम बनाउने होइन, हचुवामा थालनी गरेर असफलता हात परेपछि मात्र समीक्षा र मूल्याङ्कनको पछि दौडन्छौँ, त्यो पनि औपचरिकता निर्वाह गर्नका लागि मात्र । यस्तो कार्यशैली त्याग्नु अपरिहार्य भएको छ ।

थिति बसाल्ने कुरा, अध्ययन-अनुसन्धानमा आधारित भएर नीति तथा योजना निर्माण गर्ने विषय जस्तै सरकार र राजनीतिक दलमा देखिएको कमजोर कार्यशैली भनेको संस्था निर्माणलाई बेवास्ता गर्नु रहेको छ । संसारभरिका अर्थाशास्त्री र विकासविद्ले कुनै पनि देशको विकासका लागि संस्थाहरूको प्रमुख भूमिका रहने तथ्यलाई जोड दिँदै आएका छन् । यस वर्षको अर्थशास्त्रको नोबेल पुरस्कार नै संस्थाहरूको आर्थिक विकासमा भूमिका बारेमा कार्य गरेका तीन जना अर्थशास्त्रीलाई संयुक्त रूपमा दिइएको थियो । राजनीतिक परिवर्तनपछिको पहिलो काम नै नयाँ आवश्यक संस्था निर्माण गर्नु थियो । सरकार र राजनीतिक दलको हचुवा कार्यशैलीले यो विषयलाई समेट्न सकेन । कुनै पनि सरकार र राजनीतिक दलले पनि संस्था निर्माणबारे गम्भीर तवरमा ध्यान दिएको पाइँदैन । यहाँ त खालि विकासमा फड्को मार्ने, मेगा प्रोजेक्ट बनाउने, आर्थिक वृद्धिदर दुई अङ्कमा पुऱ्याउने यस्तै यस्तै एजेन्डा उठाउने गरिएको । आजसम्म किन हामीकहाँ विकास योजना र कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्, किन उद्यम विकासको वातावरण सिर्जना हुन सकिरहेको छैन, किन सङ्घीयताको कार्यान्वयन, सुशासन र सेवा प्रवाह प्रभावकारी हुन सकिरहेको छैन भनेर सोच्ने, अध्ययन-अनुसन्धान गर्ने कार्यशैलीको अभाव देखिएको छ ।

यी र यस्तै कार्यशैलीमा देखिएका कमीकमजोरीले उच्च तहको राजनीतिक परिवर्तन हासिल गरेका हामिले सुशासनयुक्त विकास र समाजको प्रगतिशील रूपान्तरण गर्न सकिरहेका छैनौँ ।

कार्यशैलीमा सुधार नगरी असल उन्नत राजनीतिक प्रणालीलाई संविधानमा संस्थागत गर्दैमा अपेक्षित परिणाम नआउने तथ्य हाम्रो हालसम्मको अभ्यासले देखाइसकेको छ । माथि उल्लिखित मूलभूत कार्यशैलीका कुराबाहेक दल र नेताहरूमा रहेका अनेक कार्यशैलीगत र आचरणगत कमजोरीबारे सर्वसाधारण जनताले टीका टिप्पणी गरेको तर्फ सम्बन्धित सबैले मनन गर्न ढिला भइसकेको छ । जति ढिला भए पनि असल काम गर्न कहिल्यै अबेर हुन्न भन्ने भनाइलाई सरकार, राजनीतिक दल र नेताहरूले मनन गरी गम्भीरतापूर्वक सुधारको बाटोमा शीघ्रता र तीव्रतापूर्वक लाग्नुको अर्को विकल्प पनि छैन ।

# सुशासनसहितको विकास



• भोला शर्मा

सार्वजनिक सम्पत्तिको निजी प्रयोग नै भ्रष्टाचार हो । सामाजिक महारोगको रूपमा फैलिएको भ्रष्टाचारले आज निरीह जनतालाई आतङ्कित, इमानदार राष्ट्रसेवकलाई भयभीत, प्रतिष्ठित सङ्गठनलाई कलङ्कित, सुन्दर र शान्त समाजलाई दिग्भ्रमित र पवित्र राष्ट्रलाई अतिक्रमित बनाएको छ । हिजोआज यसलाई रोगमध्येको पनि महारोग प्राणघातक क्यान्सरसँग तुलना गरिएको छ । त्यसै गरी सुशासन शासन व्यवस्थालाई बढीभन्दा बढी प्रभावकारी, जनमुखी, पारदर्शी, नतिजामुखी र भ्रष्टाचाररहित बनाउने क्रियाकलाप हो । यसले भष्टाचारको शल्यक्रिया गरी समाजमा नैतिकता र सदाचार प्रवर्धन गर्न सहयोग पुऱ्याउने भएकाले यसलाई भ्रष्टाचार न्यूनीकरणको सार्थक सारथि मानिन्छ ।

पछिल्लो समय सार्वजनिक पदमा रहेका पदाधिकारीहरूले आफूमा रहेको शक्ति र अधिकार व्यक्तिगत साध्यका लागि प्रयोग गर्ने अनैतिक संस्कारबाट भ्रष्टाचार बढ्दै गइरहेको छ । पृथ्वीनारायण शाहले घुस लिन्या र दिन्या दुवै राष्ट्रका शत्रु हुन् भन्नुभएको थियो । तर हाम्रो मुलुकमा समाज र राष्ट्रको दोहन गरेर आर्जन गरेको सम्पत्तिमा भ्रष्टाचारीहरू रमाएर सदाचारीमाथि राज गरिरहेका छन् । त्यस्ता भ्रष्टाचारीउपर समयमै कारबाही नहुँदा आर्थिक अराजकताले पराकाष्ठा नाघेर कानुनको शासनको धज्जी उडाएको छ । घुसखोरहरूको चङ्गुलमा अकुत सम्पत्तिले गर्दा कृत्रिम महँगी बढेर जनताको ढाड सेकिएको छ ।

रुखको जरामा नै खराबी छ भने हाँगामा मलजल गरेर सप्रिँदैन, जरामै उपचार गर्नु पर्छ । भ्रष्टाचार गर्ने ठुलाठालुमा खराबी हुँदा जराधार तहका नागरिकलाई मात्र डण्डा लगाएर र खोरमा पठाएर हुँदैन । ठुलाठालुहरूलाई नै छानबिन, सतर्क र सचेत गराई डण्डा लगाउनु पर्छ । अधिकार र स्रोतसाधन उपलब्ध भए तापनि पारदर्शिता र वित्तीय अनुशासनमा कमी आएकै कारण भ्रष्टाचारजन्य कार्यको नयाँ शैली एवं स्वरूप बढेको छ । सार्वजनिक प्रशासनका पदाधिकारीमा गोप्यताको संस्कृतिले प्रश्रय पाउँदा भ्रष्टाचारले गति लिएको छ । सुशासन त केवल सुशासन ऐनमा नै सीमित रहेको छ । एउटा राष्ट्रसेवकले सपथ खादा नै सरकारी कामकारबाहीका सूचनाहरू गोप्य राख्ने छु भन्ने वाक्यबाट नै भ्रष्टाचारको विजारोपण हुन गएको भन्ने गुनासो रहेको छ । धमिलो पानीमा माछा मार्न सजिलो भए झैँ गोप्य संस्कृतिमै रमाई राष्ट्रभन्दा पनि माथि रहेर केही राष्ट्रसेवकले नैतिकताको बाटो बिराएका छन् ।

नेपालका अधिकांश पदाधिकारीमा इच्छा पूरा नहुँदा क्रोध बढ्ने र इच्छा पूरा भएपछि लोभ बढ्ने मानसिकताले भ्रष्टाचार बढ्दै गएको छ । प्रशासनमा भ्रष्टाचार र अनियमितताको अन्त्य गरी सुशासनसहितको विकास गर्ने आकाङ्क्षा प्रकट भएको लामो समय भए पनि समस्या जस्ताको त्यस्तै छ । यस सम्बन्धमा सार्वजनिक प्रशासनको प्रमुख सञ्चालक, सरकार मुकदर्शक बनिरहेको छ । राजनीतिक दलहरू गठबन्धन फेरबदल र सरकारको जोडघटाउमा लागेका छन् । अधिकांश नेता दलका नेता भए, देशका नेता बन्न सकेनन्, कर्मचारीहरू हाकिमका कर्मचारी भए, सेवाग्राहीका कर्मचारी बन्न सकेनन् भन्ने गुनासो व्याप्त रहेको छ । प्रभावस्वरूप भ्रष्टाचार फराकिलो राजमार्ग बन्दै गएको छ । सबै भ्रष्टाचार दृश्यमा आएका छैनन् । कतिपय भ्रष्टाचार उजुरी नपरी सतहमा आउँदैनन् । भ्रष्टाचारमा रङ्गे हात पक्राउ परेका कैयौँ दृष्टान्तले यसलाई पुष्टि गर्छ । न्यून तलब भत्ता र छिटो छिटो धनार्जन गर्ने मानसिकताले कर्मचारीहरू अख्तियारबाट रङ्गेहात पक्राउ पर्ने गरेका छन् । सार्वजनिक पदाधिकारीले पदासीन हुँदा वा पदबाट अलग हुँदा कस्तो जीवन यापन गरिरहेको छ भन्ने कुराको सूक्ष्म विश्लेषण गरेर आममानिसले भ्रष्टाचारसम्बन्धी धारणा बनाउने गरेका छन् । यसै सन्दर्भमा प्रायः मानिसले सार्वजनिक कानुन, सामाजिक आचरण र आफ्नै अन्तःस्करणको आवाजलाई संहिताबद्ध गर्न नसक्दा भ्रष्ट मनस्थिति र व्यवहारहरू उत्पन्न हुने गरेका छन् । भ्रष्टाचार एउटा कुनै परिस्थितिको उपज नभई योजनाबद्ध गैरकानुनी क्रियाकलापको नतिजा हो ।

अवैध ढङ्गले आफू र आफ्ना प्रियजनको हितलाई सुनिश्चित गर्न खोज्दा यस महारोगको जन्म भएको छ । प्रसिद्ध विद्वान् क्लिटगार्डका अनुसार भ्रष्टाचारको कारण एकाधिकार र तजबिजी अधिकारको उपस्थिति हो भने पारदर्शिता, जवाफदेहिता र नैतिकताको अनुपस्थिति हो । वैधानिक प्रक्रियाबाट हुने आर्जनभन्दा अवैध प्रक्रियाबाट हुने आर्जन बेसी भई भ्रष्टलाई हुने सजाय अत्यन्त कम भइदिँदा भ्रष्टाचारले प्रश्रय पाउने गरेको छ । त्यसै गरी एउटा भ्रष्ट व्यक्तिले जोखिमको विश्लेषण गरी भ्रष्टाचारबाट प्राप्त हुने लाभको मात्रा सजाय र पक्राउ पर्ने सम्भावनाको गुणनफलभन्दा बढी भएको अवस्थामा भ्रष्टाचार गर्न उद्यत रहन्छ । पछिल्लो समय छिटो धनार्जन गर्ने मौन सामाजिक होडबाजीका कारण भ्रष्टाचार वृद्धि हुँदै गइरहेको अवस्था विद्यमान रहेको छ ।

नेपालमा लामो समयदेखि नै भ्रष्टाचारविरुद्धका आवाज गुञ्जायमान भइरहेका छन् तर सुशासन अत्यन्त कमजोर रहेको छ । मुलुकलाई दिशा निर्देश गर्ने जिम्मेवार पदाधिकारी नै भ्रष्टाचारमा लिप्त भइदिँदा घरेलु प्रतिष्ठाको त कुरै छोडौँ राष्ट्रको अन्तर्राष्ट्रिय प्रतिष्ठामा समेत ह्रास आएको छ । दोस्रोस्तरका पदाधिकारीहरूमा हस हजुर संस्कृति मौलाउँदा भ्रष्टाचार चाहेर वा नचाहेर बाध्यकारी प्रथा बन्न गएको छ । मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्न नाई भन्न सक्ने निर्भीक राजनीतिज्ञ र प्रशासक खड्किएको छ । यसै सन्दर्भमा अमेरिकी पूर्वराष्ट्रपति बिल क्लिन्टनको 'मलाई नाई भन्न सक्ने प्रशासक चाहिएको छ' भन्ने भनाइलाई नेपालको सार्वजनिक प्रशासनमा पनि अन्तरबोध गर्न सकिन्छ । वास्तवमा सबैले आफूलाई गलत लागेको कुरामा नाई भन्न सकेर आफ्नो अन्तरआत्मिक विवेकशीलताको मगज राष्ट्रहितमा प्रयोग गरेर अगाडि बढ्ने हो भने भ्रष्टाचार न्यूनीकरण सम्भव छ तथापि यसमा सर्वपक्षीय क्रियाशीलता जरुरी छ । वास्तवमा भ्रष्टाचार महाशत्रु हो, सुशासन प्रियजन मित्र हो । अनि भ्रष्टाचार बढी भएमा सुशासन कमजोर र सुशासन मजबुत भएमा भ्रष्टाचार कमजोर हुन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वका १८० मुलुकमा गरेको भ्रष्टाचारसम्बन्धी सर्भेक्षण अनुसार सन् २०२४ को प्रतिवेदनमा नेपालले ३४ अङ्कका साथ सुशासनको १०७ औँ स्थान प्राप्त गरेको छ । यसअघि सन् २०२३ को प्रतिवेदनमा नेपाल ३५ अङ्का साथ १०८ औँ स्थानमा रहेको थियो । यसरी तथ्याङ्कले भ्रष्टाचार झिनो बढेको देखाएको छ भने देशगत ऱ्याङकिङ भने एक स्थान सुधार भएको छ ।

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि नीतिगत एवं कानुनी, संस्थागत, कार्यक्रमगत एवं प्रक्रियागत राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रयासहरू नभएका होइनन् तर पनि भ्रष्टाचारको क्षेत्र फराकिलो बनेर सुशासन कमजोर हुँदै गएको छ । सुशासन सञ्चालनका मुख्य कर्ताहरू राजनीति र प्रशासनमध्ये राजनीतिमा प्रशासन र प्रशासनमा राजनीतिक हस्तक्षेप घुसेको छ । त्यसै गरी कर्मचारीतन्त्रमा राजनीतिक नेतृत्वका स्वकीय सचिवालयबाट अनुचित र अवाञ्छित प्रभाव पर्दा कर्मचारीको पेसागत मर्यादा हराएको छ । निर्णय क्षमतामा ह्रास आएको छ । त्यसै गरी लाखौँ रुपियाँ खर्च गरेर आधिकारिक ट्रेड युनियनको निर्वाचन गरिएको भए तापनि राजनीतिक दल निकटका अन्य ट्रेड युनियन पनि समान हैसियतमा क्रियाशील रहेका छन् । यसरी अन्य ट्रेड युनियन सौदाबाजीको सम्बन्धमा आधिकारिक ट्रेड युनियनमार्फत क्रियाशील हुनुपर्नेमा तिनको समानान्तर क्रियाशीलताले कर्मचारीतन्त्रको प्रतिष्ठा र व्यावसायिक निष्ठामा आँच आउनुका साथै सार्वजनिक खर्चमा अनावश्यक बढोत्तरी भएको छ । भ्रष्टाचार न्यूनीकरणका लागि अनेकौँ चुनौतीसँगै अवसर र सम्भावना पनि रहेका छन् । यस क्रममा मुलुकको शासन प्रणाली जनमैत्री र प्रशासकीय प्रणाली प्रविधिमैत्री बन्दै गएको छ । कर्मचारीतन्त्रमा योग्यता प्रणाली मजबुत बन्दै गए अनुरूप लोक सेवा आयोगको सिफारिसमा ऊर्जाशील नवयुवाको प्रवेश बढ्दै गएको छ । विकासमा नागरिकहरूको चासो र जागरण बढ्दै गएको छ । भ्रष्टाचार न्यूनीकरणमा

❖ बाँकी तेस्रो पृष्ठमा

# महाधिवेशनको सम्मुखमा दलहरू

झापा। दुई वर्षपछि चरणबद्ध हुने स्थानीय, प्रदेश र संघको आमनिर्वाचनका लागि घोषित तथा अघोषित रूपमा रणनीतिक तयारी अघि बढाएका दलहरूले त्यसअघि गर्नुपर्ने आफ्नै पार्टीको महाधिवेशनलाई भने नजरअन्दाज गरेका छन्। आफैले आ-आफ्नै विधानमा व्यवस्था गरेबमोजिम गर्ने हो भने अधिकांश संसद्वादी दलहरू महाधिवेशनको सम्मुखमा छन्।

२०७८ मा १४औं महाधिवेशन गरेका नेपाली कांग्रेस, माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का लागि २०८२ महाधिवेशनको वर्ष हो। गत आमनिर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि यही वर्ष महाधिवेशन गर्दै छ। २०७८ मै महाधिवेशन गरेको नेकपा एमालेका लागि महाधिवेशनको तीव्र तयारीको वर्ष हो तर यी कुनै दलहरूको ध्यान त्यसतर्फ केन्द्रित देखिँदैन।

कांग्रेसमा अझै सकिएन क्रियाशील सदस्यता नवीकरणकै काम

नेपाली कांग्रेसको १५औं महाधिवेशन पछि सर्ने निश्चित भइसकेको छ। विधानतः आगामी २०८२ मंसिरभित्र सम्पन्न हुनुपर्ने महाधिवेशन तयारीको सुस्तताले अब चाहेर पनि यो मितिमा सम्भव छैन। महाधिवेशनको आधारस्तम्भ रहेको 'क्रियाशील सदस्यता नवीकरण'को कामसम्म टुंगिएको छैन। यसअघि गत चैत मसान्तभित्र क्रियाशील सदस्यता नवीकरणको काम नसकिएपछि पछिल्लो पटक वैशाख १५ सम्मलाई दिइएको अर्को समयसीमामा पनि त्यो काम टुंगिएको छैन।

जिल्लाबाट आउने क्रम जारी रहे पनि पूर्णरुपमा नसकिएको सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले बताइन्। उनले भनिन्, 'अहिले जिल्ला-जिल्लाबाट रिपोर्ट आइरहेको छ तर कति सकियो भन्ने यकिन चाहिँ मलाई थाहा भएन ।'

नवीकरणको काम सकिएपछि पनि नयाँ सदस्यता वितरण, त्यसपछि विधान संशोधनको प्रक्रिया, तल्ला तहका अधिवेशनले थप समय लिन्छ।

दर्जनभन्दा बढी नेतृत्वका आकांक्षी र उनीहरू निकट नेताहरू सबैले परिस्थिति आफूअनुकूल बनाउन केन्द्रित हुँदा तोकिएको समयमा महाधिवेशन नहुने निश्चित छ। तयारीको सुस्तताबारे संस्थापन र इतर पक्षबीच दोषारोपण गर्दै आएका छन्।

नेताहरूले सार्वजनिक रूपमै महाधिवेशन सर्ने बताइरहेका छन्। विधानअनुसार विशेष परिस्थितिका कारण निर्धारित मिति (हरेक चार-चार)मा महाधिवेशन एक वर्ष सार्न पाउने व्यवस्था छ। त्यो मितिमा पनि सम्भव नभए संविधानले थप ६ महिना धकेल्ने सुविधा दिएको छ।

तीमध्ये कम्तिमा थप एक वर्षको सुविधा उपयोग गर्ने मुडमा सभापति शेरबहादुर देउवा देखिन्छन्। विधानतः पुनः सभापतिमा लड्न नपाउने भएपछि उनी पहिला राज्य सत्तामा पुग्ने अनि मात्रै पार्टी सत्ता छाड्ने मनस्थितिमा देखिन्छन्। देउवाले केपी शर्मा ओलीपछि प्रधानमन्त्री बन्ने पालो कुरिरहेका छन्।

तर इतर पक्षले जतिसक्दो चाँडो महाधिवेशन गर्नुपर्नेमा जोड दिँदै आएको छ। महाधिवेशन ढिलाइ हुँदा निर्वाचनमा गुटगत प्रभाव देखिने तर्क उनीहरूको छ। संस्थापनकै कतिपय नेताहरूसमेत यसमा सहमत देखिन्छन् भने कतिपयले भने आमनिर्वाचनपछि महाधिवेशन गर्नुपर्ने पक्षमा छन्।

एमालेमा छैन महाधिवेशनको कुराकानी

नेकपा एमालेको विधानमा राष्ट्रिय महाधिवेशन हरेक ५ वर्षमा हुने उल्लेख छ। उसले २०७८ मंसिरमा चितवनमा १०औं महाधिवेशन गरेको थियो। विधानअनुसार अब २०८३ मंसिर दोस्रो हप्ताभित्र एमालेले ११औं महाधिवेशन गर्नुपर्नेछ।

तर एमालेले पनि प्रारम्भिक तयारी थालेको छैन। साढे दुई वर्षपछि हुने निर्वाचनको तयारी लाग्न निर्देश दिएका प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी ओली महाधिवेशनबारे भने मौन छन्।

एमालेले आगामी भदौमा विधान महाधिवेशन गर्दै छ। भदौ २० देखि २२ गतेसम्म गोदावरीमा विधान अधिवेशन गर्ने निर्णय एमालेले गरिसकेको छ। त्यसअघि महाधिवेशनको कुरै नहुने एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम बताउँछन्। 'हाम्रो पार्टीको विधान अधिवेशन हुन्छ', उनी भन्छन्, 'त्यो नभईकन महाधिवेशनको बारेमा कुरा हुँदैन।'

एमालेमा अध्यक्षमा दोहोरिने ओलीको चाहना छ। उनले खुलेरै अझै २०-२५ वर्ष एमालेमा सक्रिय हुने अर्थपूर्ण अभिव्यक्ति दिँदै आएका छन्। आफूविनाको एमाले कल्पना नगर्न उनले भन्ने गरेका छन्।

तर तेस्रो कार्यकालका लागि दोहोरिन ओलीलाई सहज नभएको विश्लेषण हुँदै आएको छ। अहिले एमालेमा देखिएका दोस्रो तहका अनुहार उनीसामु निरीह भए पनि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले उनलाई टक्कर दिन सक्ने अवस्था बन्न सक्छ।

एमालेभित्र एउटा ठूलो पंक्ति पूर्वराष्ट्रपति भण्डारीलाई भावी नेतृत्वका रूपमा अघि बढाउन चाहन्छ। कारबाहीको डण्डा बर्सिने भयले खुलमखुला ओलीविरोधी मत व्यक्त नभए पनि भित्रभित्रै बढ्दै गएको देखिन्छ।

त्यसकारण पनि अब हुने विधान महाधिवेशन एमालेका लागि निकै रणनीतिक मानिएको छ। विधान अधिवेशनले नयाँ नेतृत्व नदिए पनि रणनीतिक आधार भने दिनेछ। संरचना परिवर्तन, विधान संशोधन, राजनीतिक र सांगठनिक प्रस्तावमाथि छलफल गर्नेछ।

माओवादीमा जागरण अभियानको निहुँ

विधानतः माओवादीले २०८३ पुसभित्र महाधिवेशन गरे पुग्थ्यो तर माओवादीको विधानमा हरेक पाँच वर्षमा महाधिवेशन हुने उल्लेख छ। उसको अघिल्लो महाधिवेशन २०७८ पुसमा सम्पन्न भएको थियो।

तर माओवादीमा 'अर्ली महाधिवशन'को माग चर्को थियो। गत पुसमा बसेको केन्द्रीय कमिटी बैठकमा पनि यो चर्कै रूपमा उठेको थियो। सोही अनुसार उक्त बैठकले यही वर्ष मंसिरमा महाधिवेशन गर्ने निर्णय गरिसकेको छ।

चार दशक नेतृत्वमा रहेका पुष्पकमल दाहाल प्रचण्ड पछिल्लो समय नेतृत्व छाड्नुपर्ने दबाबमा छन्। यसअघि सिनियर नेता पार्टी छाड्नै बाटो लागेपछि उनलाई नेतृत्व छाड्नुपर्ने दबाब थिएन।

❖ बाँकी अन्तिम पृष्ठमा

# आइरन चक्कीदेखि रेबिजका भ्याक्सिनसम्म अभाव

झापा(प्रस) । खरिद प्रक्रियामा विवादले देशभर आइरन चक्की, कुपोषित बालबालिकालाई खुवाउने पोषकतत्व, भिटामिन 'ए' जस्ता अत्यावश्यक औषधि र अतिरिक्त पोषणतत्वको अभाव हुन थालेको छ। पिल्सलगायत परिवार नियोजनका अस्थायी साधन, एन्टी रेबिज भ्याक्सिनसमेत अभाव हुने स्थितिमा पुगेको छ।

स्वास्थ्य सेवा विभागले औषधि खरिद वितरण गर्ने ९८ प्रकारका औषधिमा पर्छन् ।

स्वास्थ्य सेवा विभागले औषधि खरिद गर्न टेन्डर गर्दा कहिले राष्ट्रिय सर्तकर्ता केन्द्रले रोक्न निर्देशन दिने, कहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी पर्ने गरेको छ। कहिले ठेकेदारको मिलेमतोमा एउटा मात्र कम्पनीले टेन्डर रकमभन्दा बढी मूल्यमा ठेक्का लिन खोज्ने काम हुँदै आएको छ।



गर्न टेन्डर गर्दा विवाद भई प्रक्रिया रोकिएको हो ।

विभागले समयमै खरिद गर्न नसक्दा ६ महिनादेखि ५ वर्षमुनिका बालबालिकालाई वैशाख र कात्तिकमा खुवाउने गरिएको भिटामिन 'ए' कार्यक्रम प्रभावित हुने भएपछि युनाइटेड नेसन चिल्ड्रेन फन्ड (युनिसेफ) सँग २० लाख डोज मागेर वैशाखमा वितरण गरिएको छ। यी औषधि सरकारले निःशुल्क

पछिल्लो समय कुपोषित बालबालिकालाई खुवाउने पोषकतत्व खरिद गर्न टेन्डर गर्दा रेवाची इन्टरनेशनल कम्पनी एउटाले मात्र ठेक्का हालेको थियो। उक्त कम्पनीले ठेक्का रकमभन्दा ४० प्रतिशत बढाएर हालेको थियो। स्वास्थ्य सेवा विभागले विवाद हुने भन्दै उक्त ठेक्का रद्द गरेको थियो।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा प्रमुख डा.विवेकलाल कर्ण कुपोषित बालबालिकालाई खुवाउने पोषकतत्व समयमा वितरण गर्न नसक्दा वैकल्पिक उपाय सोच्नुपर्ने स्थित आएको बताउँछन्। 'औषधि खरिद गर्न हामीले बजेटको व्यवस्थापन र प्राविधिक सहयोग मात्र गर्ने हो,' उनी भन्छन्, 'खरिद गर्ने काम विभागअन्तर्गतको व्यवस्थापन महाशाखाको हो ।'

स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाका निर्देशक डा.पवनजंग रायमाझीका अनुसार खरिद प्रक्रिया लामो र झन्झटिलो हुने गरेकाले पनि औषधि खरिदमा ढिलाइ भएको बताउँछन्। 'कहिलेकाहीं ठेकेदारले बजार मूल्यभन्दा बढी रकममा टेन्डर हाल्ने गरेकाले पनि ठेक्का स्वीकृत गर्न नसक्ने हुन्छ,' उनले भने, 'कतिपय औषधि उत्पादन कम हुने गरेकाले पनि चाहेजति खरिद गर्न समस्या हुने गरेको छ ।'

उनले नयाँ टेन्डरका लागि तयारी भइरहेको बताए। 'कन्डमजस्ता परिवार नियोजनका अस्थायी साधन र एन्टी रेबिज भ्याक्सिन खरिद गर्न चाँडै सम्झौता गर्दै छौं,' उनले भने, 'तीन महिने सुई खरिद गर्न टेन्डर गर्ने क्रममा छौं ।' अर्थ मन्त्रालयले एन्टी रेबिज भ्याक्सिन खरिद गर्न चालु आर्थिक वर्षमा १३ करोड रुपैयाँ, पोषकतत्व खरिद गर्न ४१ लाख रुपैयाँ, परिवार नियोजनको अस्थायी साधन इम्प्लान्ट, खाने चक्की (पिल्स), तीनमहिने सुई, कन्डम, आकस्मिक गर्भ निरोध चक्कीलगायत खरिद गर्न ७ करोड ६७ लाख रुपैयाँ र आइरन चक्की खरिद गर्न करिब ३ करोड रुपैयाँ छुट्याएको छ।

## भारत र पाकिस्तानमा रहेका नेपालीको ख्याल गर्न रुलिङ

झापा(प्रस) । प्रतिनिधिसभाले भारत र पाकिस्तानमा रहेका नेपालीबारे ख्याल गर्न सरकारलाई ध्यानाकर्षण गराएको छ ।

शुक्रबार बसेको सभाको बैठकमा सांसदहरूले समेत आकस्मिक समयमा यो विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए। त्यसपछि सभामुख देवराज घिमिरेले पनि सरकारको ध्यानाकर्षण गराएका हुन् ।

'भारत र पाकिस्तानबीच सिर्जित अवस्थालाई दृष्टिगत गर्दै त्यहाँ बस्ने सम्पूर्ण नेपालीको सुरक्षा लगायत पर्न सक्ने सम्भावित समस्याहरूप्रति आवश्यक व्यवस्थापन गर्न/गराउन म नेपाल सरकारको ध्यानाकर्षण गराउँछु,' सभामुख घिमिरेले भनेका छन् ।

## १० केजी गाँजासहित भेडेटारमा एक पक्राउ

झापा(प्रस) ।धनकुटाको साँगुरीगढी गाउँपालिका-६ स्थित भेडेटार बजारबाट शुक्रबार बिहान दस केजी गाँजासहित एक व्यक्ति पक्राउ परेका छन् । भेडेटार चोकमा इलाका प्रहरी कार्यालय भेडेटारका प्रहरी नायब निरीक्षक रमेश प्रधानको कमाण्डमा खटिएको टोलिले गाँजा बरामद गरेको प्रहरीले जनाएको छ ।

धनकुटा हिलेबाट इटहरीतर्फ जाँदै गरेको प्र १-०२-००१ ज ४३२६ नम्बरको माईक्रो जाँच्ने क्रममा पछाडि डिक्कीमा रहेको जेब्रा झोलाबाट गाँजा बरामद गरिएको जनाइएको छ ।

जाँच गर्दा उक्त झोलाभित्र बोरामा प्याक गरी राखेको १० केजी लागूऔषध गाँजा फेला परेकोले जिल्ला प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालले बताए । प्रारम्भिक अनुसन्धानका आधारमा सोही माइक्रो गाडीमा सवार सहिदभूमि गाउँपालिका-५ खोकु बस्ने ३१ वर्षीय उद्धव राईलाई नियन्त्रणमा लिएको जनाएको छ ।

## भारतमा....

गर्दा यात्रुलाई परिचयपत्र अनिवार्य गरेको हो ।

भारततर्फका अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा विशेष निगरानी बढाउन गृह मन्त्रालयले नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, अध्यागमन विभाग र दक्षिणतर्फ सीमा जोडिएका जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ । गृहको परिपत्रपछि नेपाल प्रहरी र सशस्त्रले सीमा नाकामा सुरक्षा गस्ती र जाँच पनि बढाएका छन् ।

सशस्त्रका साढे दुई सय बोर्डर आउट पोस्ट (बीओपी) मार्फत सीमा सुरक्षार्थ जनशक्ति तैनाथ गराइएको छ । प्रहरीका ६० भन्दा बढी सीमा इलाका युनिटमार्फत सीमापार अपराध रोकथाम तथा नियन्त्रणमा जनशक्ति तैनाथ छन् । यसका अतिरिक्त पछिल्लो घटनाक्रमपछि अरू युनिटबाट पनि दुवै संगठनले सीमा क्षेत्रमा गस्ती बढाएका हुन् । केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारत-पाकिस्तान बढ्दो तनाव र त्यसबाट नेपाललाई पर्न सक्ने असरका विषयमा चारवटै सुरक्षा निकायका अधिकारीले ब्रिफिङ गरेका थिए । त्यसअघि केन्द्रीय सुरक्षा समिति बैठकमा घटनाक्रमबारे समीक्षासमेत गरिएको थियो । प्रधानमन्त्रीलाई ब्रिफिङ र गृहमन्त्री रमेश लेखकसहितको सुरक्षा बैठकपछि गृह मन्त्रालयले भारतसँग सीमा जोडिएका जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरी सीमाबाट आवागमन गर्दा परिचयपत्र अनिवार्य गराएर यात्रुको गन्तव्य खुल्ने गरी अभिलेख राख्न भनेको हो । गृहको परिपत्रसँगै सम्बन्धित यात्रु कुन ठाउँबाट आएको, गन्तव्य कुन ठाउँ हो, प्रयोजन के हो लगायत विवरण अभिलेखमा समेटिएको एक सुरक्षा अधिकारीले बताए ।

पछिल्लो विकसित घटनाक्रमलाई विश्लेषण गरेर सीमाक्षेत्रमा आवश्यक सुरक्षा सावधानी अपनाउन सम्बद्ध निकायहरुलाई निर्देशन दिइएको गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले जनाए । 'विकसित घटनाक्रमलाई ध्यानमा राखेर सुरक्षा सावधानी अपनाउन आवश्यक निर्देशन दिइसकेका छौं,' उनले भने ।

भारत-पाकिस्तान तनावबारे शुक्रबार सैनिक मुख्यालय जंगीअड्डामा पनि सुरक्षा अधिकारीबीच समीक्षा बैठक बसेको थियो । बैठकमा सबै निकायले आ-आफ्ना तर्फबाट तोकिएको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने निष्कर्ष निकालिएको स्रोतको भनाइ छ । सीमा क्षेत्रमा अनुमतिबिना प्रवेश गर्न सक्ने जोखिमलाई ध्यानमा राखेर जिम्मेवारी निर्वाह गर्न मातहत संयन्त्रलाई अध्यागमन विभागका महानिर्देशक गोविन्द रिजालले निर्देशन दिइएको जनाए ।

यही वैशाख ९ मा भारतको जम्मु-कश्मीर स्थित पहलगाममा पर्यटकमाथि आतंकवादी समूहले गरेको आक्रमणमा एक नेपालीसहित २६ जनाको ज्यान गएको थियो । पहलगाम भारतको श्रीनगरबाट करिब ९० किलोमिटर टाढा पर्छ । पर्यटकका लागि लोकप्रिय गन्तव्यस्थलका रूपमा परिचित पहलगाममा बन्दुधकारी आतंकवादी समूहले हत्या गरेकामा त्यसको लस्कर-ए-तोयबाका संस्थापक हफिज सइद नेतृत्वको 'द रेसिस्टेन्स फ्रन्ट' (टीआरएफ) ले जिम्मा लिएको थियो । त्यसपछि भारत र पाकिस्तानबीच उत्पन्न तनाव अहिले आक्रमणम-प्रत्याक्रमणमै प्रवेश गरेको छ । दुई देशबीच द्वन्द्व चर्किंदै जाँदा नेपालमा पनि घूसपैठ हुन सक्ने जोखिम आकलन गर्दै सरकारले हवाई र स्थल गरी दुवै अन्तर र्राष्ट्रिय सीमा क्षेत्रबाट हुने आवागमनमा सावधानी अपनाएको हो । भारतसँग नेपालको करिब १ हजार ८ सय ८० किलोमिटर लम्बाइमा अन्तर्राष्ट्रिय सीमा कायम छ । भारतसँग खुला सिमाना भएकाले आवामगन व्यवस्थापन र अभिलेख प्रणाली अव्यवस्थित छ ।

## कुलमान र हितेन्द्रको विवरणले अन्योल



झापा(प्रस) । नेकपा माओवादी केन्द्रले नेपाल विद्युत प्राधिकरणको समग्र आर्थिक अवस्थाको जानकारी गराउन माग गरेका छन्।

शुक्रवार प्रतिनिधि सभाको बैठकमा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले संसदमा हालसम्मको आर्थिक अवस्थाको जानकारी गराउन आग्रह गरेका हुन्।

उनले सरकारलाई संसदमा जानकारी गराउन सभामुखमार्फत सरकारलाई रुलिङ गर्न माग गरे। 'नेपाल विद्युत प्राधिकरणका निवर्तमान प्रबन्ध निर्देशक र वर्तमान प्रबन्ध निर्देशकले मिडियामार्फत जानकारी गराउनुभएका विद्युत प्राधिकरणका आम्दानी र खर्चको विवरणहरूले आम जनतामा अन्योल सिर्जना गरेको छ।

त्यसैले नेपाल विद्युत प्राधिकरणको समग्र आर्थिक अवस्थाको विवरणबारे यस सदनलाई जानकारी गराउन सभामुखमार्फत रुलिङ होस्।'

## सुशासनसहितको...

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको क्रियाशीलता बढेको छ । भ्रष्टाचार र सुशासन बहुआयामिक र बहुनिकायसँग सम्बन्धित सवाल भएकाले निकायगत समन्वय तथा अन्तरसम्बन्ध वृद्धि गर्दै अगाडि बढ्न लागिएको अवस्था छ । सार्वजनिक सेवा प्रवाह र विकासका क्रियाकलापमा जनताको अधिकार मुखी जागरण बढेको छ । भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्धन यो समयको जोडदार माग हो । तसर्थ अधिकार प्राप्त राजनीतिज्ञ, शासक र प्रशासकहरूले स्वार्थी मानसिकता त्यागेर, आधिकारिक ट्रेड युनियनले व्यवस्थापनको सकारात्मक काममा रचनात्मक र सिर्जनशील सहयोगी बनेर तथा नकारात्मक काममा खबरदारी गरेर, सरकारले दण्डहीनताको अन्त्य गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको व्यवहार अपनाएर र भ्रष्टाचारमा सचेत अनि जागरुक जनताले सार्वजनिक कामकारबाहीको उदाहरणीय र अनुकरणीय ढङ्गले निगरानी गरेर अगाडि बढ्न आवश्यक छ। त्यसै गरी भ्रष्टाचारको अनुसन्धान र अभियोजन गर्ने निकायले पनि नियुक्तिकर्ताप्रति नभई सुशासनप्रति उत्तरदायी हुँदै प्रदर्शनीय प्रभाव पर्नेगरी अनुसन्धान र अभियोजन गर्नु पर्छ। सबै तह र तप्कामा रहेका जिम्मेवार पदाधिकारीहरूले सदाचार र सद्विवेकको उपयोग गर्दै अगाडि बढेमा भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्धनको अभिलाशा पूरा हुने देखिन्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७०१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ। मिल्ने साथीको सुझावले महत्त्वपूर्ण वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। वस्त्र लाभ पनि हुनसक्छ।

**वृष**

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ। राज्यबाट मान सम्मान मिल्नेछ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। वाहन सुख पनि मिल्नेछ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ। अरुको लागि दौडधुप गर्नु पर्नेछ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ। यात्रा गर्ने अवसर पनि जुट्नेछ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ। आर्थिक क्षेत्र राम्रै होला।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ। नयाँ कार्यको योजना बन्नेछ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला। वैदेशिक कार्य अघि बढ्नेछ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला। भाग्यले विभिन्न अवसर जुराउनेछ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ। दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ।